**Series : RQ3SP** **SET~4**

प्रश्न-पत्र कोड
Q.P. Code **24**

रोल नं.
Roll No.

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

परीक्षार्थी प्रश्न-पत्र कोड को उत्तर-पुस्तिका के मुख-पृष्ठ पर अवश्य लिखें।
Candidates must write the Q.P. Code on the title page of the answer-book.

# नेपाली
# NEPALI

*निर्धारित समय : **3** घण्टे* *अधिकतम अंक : **80***
*Time allowed : **3** hours* *Maximum Marks : **80***

**नोट :**

(I) कृपया जाँच कर लें कि इस प्रश्न-पत्र में मुद्रित पृष्ठ **11** हैं।

(II) प्रश्न-पत्र में दाहिने हाथ की ओर दिए गए प्रश्न-पत्र कोड को परीक्षार्थी उत्तर-पुस्तिका के मुख-पृष्ठ पर लिखें।

(III) कृपया जाँच कर लें कि इस प्रश्न-पत्र में **18** प्रश्न हैं।

(IV) **कृपया प्रश्न का उत्तर लिखना शुरू करने से पहले, उत्तर-पुस्तिका में यथा स्थान पर प्रश्न का क्रमांक अवश्य लिखें।**

(V) इस प्रश्न-पत्र को पढ़ने के लिए 15 मिनट का समय दिया गया है। प्रश्न-पत्र का वितरण पूर्वाह्न में 10.15 बजे किया जाएगा। 10.15 बजे से 10.30 बजे तक परीक्षार्थी केवल प्रश्न-पत्र को पढ़ेंगे और इस अवधि के दौरान वे उत्तर-पुस्तिका पर कोई उत्तर नहीं लिखेंगे।

**NOTE :**

(I) Please check that this question paper contains **11** printed pages.

(II) Q.P. Code given on the right hand side of the question paper should be written on the title page of the answer-book by the candidate.

(III) Please check that this question paper contains **18** questions.

(IV) **Please write down the Serial Number of the question in the answer-book at the given place before attempting it.**

(V) 15 minute time has been allotted to read this question paper. The question paper will be distributed at 10.15 a.m. From 10.15 a.m. to 10.30 a.m., the candidates will read the question paper only and will not write any answer on the answer-book during this period.

***General Instructions :***

*(i)* *Question paper is divided into* ***2*** *parts.*

*(ii)* *It has total* ***18*** *questions.*

*(iii)* ***Part One*** *:* ***2*** *questions no.* ***1*** *to* ***2****.*

*(iv)* ***Part Two*** *:* ***16*** *questions no.* ***3*** *to* ***18****.*

*Attempt questions as per specific instructions.*

*Write question no. in answer book before attempting it.*

***सामान्य निर्देश :***

*(i)* *यो प्रश्न-पत्र दुई भागमा विभाजन गरिएको छ ।*

*(ii)* *यसमा जम्मा* ***18*** *वटा प्रश्नहरू छन् ।*

*(iii)* *भाग एकमा* ***(1)*** *प्रश्नसंख्या एक* ***(1)*** *देखि प्रश्नसंख्या दुई* ***(2)*** *सम्म ।*

*(iv)* *भाग दुईमा* ***(2)*** *प्रश्नसंख्या तीन* ***(3)*** *देखि प्रश्नसंख्या अठारह* ***(18)*** *सम्म ।*

*निर्देशन अनुसार प्रश्नका उत्तर दिनुपर्नेहुन्छ ।*

*प्रश्नसंख्या उत्तरपुस्तिकामा लेख्न अनिवार्य छ ।*

## भाग एक

### वस्तुपरक प्रश्नहरू (छन्द-अलङ्कार)

**1.** निम्नलिखित बहुवैकल्पिक प्रश्नका सही विकल्प चुनेर लेख्नुहोस्। *12×1=12*

(i) छन्दोबद्ध कविता भनेको _________ हो।

(A) निबन्ध।

(B) उपन्यास।

(C) छन्दमा नलेखिएको कविता।

(D) छन्दको नियममा आधारित कविता।

(ii) छन्दशास्त्रलाई पिङ्गलशास्त्र भन्नाको कारण : _________ ।

(A) भन्न सजिलो भएकाले।

(B) शब्दकोशीय अर्थ एउटै भएकाले।

(C) छन्दशास्त्रलाई आचार्य पिङ्गलले रचना गरेकाले।

(D) अरु नाम नभएकाले।

(iii) गुरु स्वर वर्णहरू: _________ ।

(A) का, की, कू, के।

(B) आ, ई, ऊ, ए।

(C) अ, इ, उ, ऋ।

(D) क, का, अ, आ।

(iv) छन्दयुक्त कविता पाठ गर्दा कुनै बाधा वा रुकावटबिना सलल बग्ने प्रवाहलाई _________ भनिन्छ।

(A) गति।

(B) यति।

(C) आवृत्ति।

(D) चरण।

(v) छन्दयुक्त रचनामा क्रमश: य, म, न, स, भ, र अन्तिममा एउटा लघु र एउटा गुरु भए ______________ हुन्छ।

(A) तोटक छन्द।

(B) अनुष्टुप छन्द।

(C) शिखरिणी छन्द।

(D) शार्दूलविक्रीडित छन्द।

(vi) मगण र नगणको गणचिह्न क्रमश: ______________ हुन्छन्।

(A) ।।। र ऽऽऽ

(B) ऽऽऽ र ।।।

(C) ऽ।ऽ र ऽऽ।

(D) ऽऽ। र ऽ।ऽ

(vii) अलङ्कार शब्दको सामान्य अर्थ के हो ?

(A) छन्द।

(B) भावना।

(C) महत्त्व।

(D) गहना वा आभूषण।

(viii) उपमेय, उपमान, साधारण धर्म र सादृश्यवाचक पद कुन अलङ्कारका अंग हुन् ?

(A) उपमा अलङ्कार।

(B) शब्द अलङ्कार।

(C) श्लेष अलङ्कार।

(D) अनुप्रास अलङ्कार।

(ix) श्लेष अलङ्कार: ______________ ।

(A) तुलना गर्नै नसकिने ।

(B) एउटै शब्द वा वाक्यमा दुई वा दुईभन्दा बढ्ता अर्थ लुकेको ।

(C) दुई वस्तुबीच अनिवार्य तुलना गरिनुपर्ने ।

(D) कुनै अर्थ नै नलाग्ने ।

(x) अर्थको चमत्कारद्वारा काव्यको सौन्दर्य वृद्धि भएको अलङ्कार: ______________ ।

(A) अर्थ अलङ्कार ।

(B) शब्द अलङ्कार ।

(C) अनुप्रास अलङ्कार ।

(D) काव्यालङ्कार ।

(xi) उपमा अलङ्कारको उदाहरण: ______________ ।

(A) अब चिन्तामात्रै गर्ने कि डाक्टर पनि देखाउने ।

(B) मुख-कमल ।

(C) कमल कमल नै हो ।

(D) कमल झैं कोमल मुख ।

(xii) अलङ्कार कति प्रकारका छन् ?

(A) बाह्र ।

(B) एक ।

(C) तीन ।

(D) सात ।

**2.** निम्नलिखित काव्यांश पढ़ेर सोधिएका बहुवैकल्पिक प्रश्नका सही विकल्प चुनेर लेख्नुहोस् । *8×1=8*

पृथ्वीको दिव्य सौन्दर्य नअटायेर पट्ट भै ।
फुटी बाहिर निस्क्यो कि पुष्पका रूपमा सबै ? ॥
तस्तै सुवासनापूर्ण पुष्पको तुल्य जीवनी ।
सृष्टिसौन्दर्यका निम्ति चाहन्छन् देवता पनि ॥
कोही चहकिला पुष्प वासना नभये पनि ।
मूर्ख आडम्बरी जस्तै रूपमा छन् बड़ा धनी ॥
बगैंचा सब देखिन्छ हजारौँ फूलले गरी ।
वसन्तको बुटे तन्ना कसेको बैठकैसरी ॥
कलिला पालुवामाथि बिछ्यायेर फूलैफूल ।
वसन्तश्री बसेकी छन् बनी सौन्दर्यविह्वल ॥
लिई सौन्दर्य माधुर्य सौकुमार्य थपी वहाँ ।
पुष्पको सिर्जना गर्ने विधाता धन्य हो अहो ॥
रसिला फूलमा आई रसिलो दक्खिना हवा ।
कुन कारणले होला बिस्तारै गर्छ वाह: वा ॥
साना छुनुमुनू गर्ने बाल झैं कलिला फूल ।
ढुलुमुलु भई झुल्छन् बहँदा वायु शीतल ॥
बिस्तारै फूलका साथ खेली खेली मिलीजुली ।
सुटुक्क वासना चोरी चल्छ सुस्तै हवा छली ॥
देखेर आफनै जस्तो पुष्पको रूपगौरव ।
मित्यारी लाउँदै फिर्छन् बागमा पुतली सब ॥
फक्रेका फूल दाता झैं रसधारा लुटाउँछन् ।
झोलामा भिक्षु झैं मौरी पालामा त्यो जुटाउँछन् ॥
काव्यका रसमा लोभी कवि झैं लट्ट भैकन ।
प्रत्येक पुष्पमा थाले भुमराहरू झुम्मिन ॥
आनन्दी पुष्पमा कालो दु:खरेखा समानको ।

तुच्छ त्यो भ्रमरश्रेणी के होला पात्र मानको ? ॥
गुणीका गुण झैं सारा रसधारा चुमीकन ।
भूँभूँ गरी उड़िदिन्छ स्वार्थी भ्रमरको गण ॥
रसवेतनका लोभी यद्वा भ्रमरशिक्षक ।
आफनू जीविका गर्छन् पढाई पुष्पबालक ॥
हाँसी मुसुक्क बिस्तारै शिर हल्लाउँछन् फुल ।
भुमराको उही हुन्न के होला कुनको भुल ॥
गुलाफको लगायेर विधिले लालमोहर ।
दियेको हो कि वा बाग भृङ्गकै भोग खातिर ? ॥

(i) पृथ्वीको सुन्दरताभित्र नअटाएर केको रूपमा बाहिर निस्केको होला भनेर कविले अनुमान गरेका छन् ?

(A) धर्तीको रूपमा ।

(B) पानीको रूपमा ।

(C) पुष्पको रूपमा ।

(D) देवताको रूपमा ।

(ii) कविले वासना नभएका पुष्पलाई केसँग तुलना गरेका छन् ?

(A) मुर्खसँग ।

(B) धनीसँग ।

(C) पृथ्वीसँग ।

(D) सूर्यसँग ।

(iii) अत्यन्त सुन्दर सिर्जना गर्ने कसलाई कविले 'धन्य हो' भनेका छन् ?

(A) पुष्पलाई ।

(B) विधातालाई ।

(C) सुन्दरतालाई ।

(D) सिर्जनालाई ।

(iv) हावाको कारणले दुलुमुलु भई के झुल्छन् ?

(A) वायु ।

(B) बाल ।

(C) धुलो ।

(D) फूल ।

(v) पुष्पजस्तै आफूलाई देखेर कसले मित्यारी लगाएको जस्तो देखिन्छ ?

(A) पातहरूले ।

(B) पुतलीले ।

(C) मौरीले ।

(D) पालुवाले ।

(vi) काव्यको रसमा को लोभिन्छन् ?

(A) मौरी ।

(B) पुतली ।

(C) कवि ।

(D) भुमरा ।

(vii) "हाँसी मुसुक्क बस्तारै शिर हल्लाउँछन् फूल" – यहाँ कसले शिर हल्लाउँछन् ?

(A) फूलले ।

(B) हाँसले ।

(C) कविले ।

(D) आकाशले ।

(viii) 'भृङ्ग' शब्दको अर्थ के हो ?

(A) चरा ।

(B) आगो ।

(C) फूल ।

(D) भ्रमर, भँवरा ।

## भाग दुई

## वर्णनात्मक प्रश्नहरू

**3.** निम्नलिखित प्रश्नका संक्षेपमा उत्तर लेख्नुहोस्। *5×2=10*

(i) जुनेली रेखा उपन्यासमा भएका कुनै चार पात्रहरूको नाम लेख्नुहोस्।

(ii) जसे हट्टाबाहर कसको कारणले भएको थियो र किन ?

(iii) चैनधोज सरदारको घरमा जसेलाई किन राख्न सकिएन ?

(iv) मालिनीलाई किन जसेको यादले सताउन थाल्यो ?

(v) मालिनीलाई जसे बारम्बार उसको घरमा आउँदा के कारणले अप्ठ्यारो लागेको थियो ?

**4.** निम्नलिखित प्रश्नका उत्तर लेख्नुहोस्। *3×2=6*

(i) लेखनाथ पोड्यालालाई कुन उपाधिले विभुषित गरिएको थियो ?

(ii) बालकृष्ण समका कुनै दुई कृतिका नाम लेख्नुहोस्।

(iii) पारिजातको पूरा नाम अथवा अर्को नाम के हो ?

निम्नलिखित प्रश्नहरूका उत्तर लेख्नुहोस्।

**5.** उज्यालीले किन केटा-केटी नहुने औषधि खाएकी थिई ? *2*

**6.** रानुका बाबु आमाको नाम के हो ? *2*

**7.** "आमा ! ए आमा !! पुष्ट कण्ठबाट निस्केको त्यो मीठो र तीव्र स्वर पर्वतको कुना कुनामा पस्न गयो।" *2*
यहाँ आमालाई बोलाउने पात्रको नाम के हो र किन बोलाएकी हो ?

**8.** रानुको भनाइअनुसार उत्तम, मध्यम र अधम कोटीका मानिसहरू कस्ता हुन्छन् ? *3*

**9.** (a) उज्याली कहाँ बसेकी थिई र उसलाई के पिर परको थियो ? *3*

**अथवा**

(b) सानीले यात्रीलाई भान्साको निम्ति के के समान ल्याइदिई ? *3*

निम्नलिखित प्रश्नहरूका उत्तर लेख्नुहोस्।

**10.** निबन्धकारले हाइ हाइ अंग्रेजी निबन्धको अन्तमा अंग्रेजी पढ्नेलाई के फाइदा छ भनेका छन् ? *2*

**11.** सयपत्री फूल र नेपाली जीवनमा के समानता छ ? *2*

**12.** (a) निबन्धकार विष्णुराम राईले सयपत्री फूलसँग के केको तुलना गरेका छन् ? कुनै चार लेख्नुहोस्। *4*

**अथवा**

(b) हाइ हाइ अंग्रेजी निबन्धको मूलभाव के हो ? *4*

निम्नलिखित प्रश्नहरूका संक्षेपमा उत्तर लेख्नुहोस्।

**13.** नाटक भनेको के हो ? *2*

**14.** नाटकको सफलता र असफलता माथि एरिष्टोटलको विचार के रहेको छ ? *3*

**15.** बन्दिनीले कसलाई अन्याय भएको कारण क्रान्ति गरेकी थिई ? *3*

**16.** निम्नलिखित प्रश्नहरूका उत्तर लेख्नुहोस्। $3 \times 2 = 6$

(i) आधुनिक भाषा वैज्ञानिकहरूले आर्यभाषा वा भारोपेली भाषाको उत्पत्ति स्थल कहाँ हो भनेका छन् ?

(ii) कुनै भाषा सजिलै बुझ्ने र कोही नबुझ्नाको कारण के हो ?

(iii) नेपाली भाषाको पहिलो सामाजिक उपन्यास कुन हो र यो कसले लेखेका हुन् ?

**17.** तल दिइएको **कुनै एक** विषयमा लगभग 150 शब्दभित्रको निबन्ध लेख्नुहोस्। *5*

- विज्ञानको चमत्कार।
- समयको सदुपयोग।

**18.** (a) "वन-जंगलको संरक्षण गर्नुपर्छ ।" भन्ने विषयमा कारणहरू जनाउँदै आफ्नो टाड़ामा रहेको भाइलाई पत्र लेख्नुहोस् । *5*

**अथवा**

(b) आफ्नो कक्षा १२को पाठ्यक्रममा आधारित निम्नलिखित पुस्तकहरू आवश्यक भएकाले मगाइदिनको निम्ति प्राचार्यलाई एउटा निवेदन लेख्नुहोस् । *5*

पुस्तकहरू : कथासंग्रह १५ थान

कवितासंग्रह १५ थान

निबन्ध संग्रह १५ थान

जुनेली रेखा १५ थान

ऋतुविचार १५ थान